श्री क्षितिज बहुउद्देश्यीय सहकारि संस्था लि.

गंगादेव गाउँपालिका २ सुखाओडार

रोल्पा ।

आर्थिक नियमावली

२०७५

"ग्रामीण जीवन स्तर पूँजी विकासको महा-अभियान"

क्षितिज बहुउद्देश्यीय सहकारी संस्था लि.

गंगादेव गाउँपालिका

रोल्पा ।

आर्थिक नियमावली- २०७५

नियम नं. १

श्री क्षितिज बहुउदेश्यीय सहकारी संस्था लि. को २०७५/०१/०८ मा बसेको आवेदक शेयर सदस्यहरुको **प्रथम प्रारम्भिक** भेलाको निर्णय बमोजिम मिति २०७५/०२/०५ मा सम्पन्न दोस्रो प्रारम्भिक भेलाले विनियमको परिच्छेद १ को उद्देश्य र कार्यहरु तथा परिच्छेद १० का कार्यहरु व्यवस्थित गर्न विनियमको **दफा ७३** बमोजिम **"आर्थिक नियमावली २०७५"** को तर्जुमा गरेको छ ।

परिच्छेद –१
प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भ :

(क) यो नियमावलीको नाम **"क्षितिज बहुउदेश्यीय सहकारी संस्था लि."** को **"आर्थिक नियमावली २०७५"** रहने छ ।

(ख) यो **नियमावली** संस्थाका सम्पूर्ण शेयर सदस्यहरु उपर लागू हुनेछ ।

(ग) यो **नियमावली** संस्थाको प्रारम्भिक साधारण सभाबाट पारित भए पछि लागू हुनेछ ।

२. परिभाषा :

(क) "विनियम" भन्नाले**"क्षितिज बहुउदेश्यीय सहकारी संस्था लि."** को विनियम २०७५ सम्झनु पर्दछ ।

(ख) **"बचत निक्षेप"** भन्नाले संस्थाको सदस्यहरुले संस्थामा व्यक्तिगत खाता खोली जम्मा गरेको र मागेको बखतमा निर्धारित प्रक्रिया पुरयाई व्याज सहित सदस्यलाई फिर्ता गर्नु पर्ने रकम सम्झनु पर्दछ ।

(ग) **"ऋण"** भन्नाले संस्थासंग निश्चित मितिभित्र साँवा व्याज सहित फिर्ता गर्ने गरी तमसुक गरी लिएको रकम संझनु पर्दछ ।

(घ) **"समिति"** भन्नाले संस्थाको सञ्चालक समिति संझनु पर्दछ ।

(ङ) **"उप-समिति"** भन्नाले संस्थाको बिनियम अनुसार कुनै खास जिम्मेवारी बहन गर्न खास समयमा सञ्चालक समितिद्वारा गठित कुनै उपसमिति सम्झनु पर्दछ ।

(च) **"संस्था"** भन्नाल"**क्षितिज बहुउदेश्यीय सहकारी संस्था लि**.सम्झनु पर्दछ ।

(छ) **"ऐन"** भन्नाले सहकारी ऐन, २०७४ सम्झनु पर्दछ ।

(ज) **"नियमावली"** भन्नाले सहकारी नियमावली,......... सम्झनु पर्दछ ।

सिजन कुमार ओली
प्रमुख प्रशासकीय अधिकृत

झ) **"आर्थिक वर्ष"** भन्नाले हरेक वर्षको **श्रावण १ गते देखि आषाढ मसान्तसम्मको** अवधिलाई सम्झनु पर्दछ ।

पच्छिेद –२

बचत संवन्धी व्यवस्था

१. संस्थाले बचत निक्षेप संकलन गर्ने र कर्जा प्रवाह गर्ने कार्य आफ्नो सदस्यहरुका बीचमा मात्र गर्नेछ । खाता खोल्ने निवेदन फाराम साथ सदस्यले निम्न लिखित कागजातहरु पेश गर्नुपर्नेछ ।

(क) दस्तखत नमूना कार्ड,

(ख) कबुल गरे अनुसारको रकम ।

(२) बचतको प्रकार:

(क) व्यक्तिगत, समूहगत बचत गर्न सकिनेछ ।

(ख) बचत निक्षेप नियमित र आवधिक गरी दुई किसिमको हुनेछ ।

(ग) बचत रकमको हक विनियममा व्यवस्था भए अनुसार हुनेछ ।

(घ) बचत खाता खोल्ने सुविधा सदस्यहरुलाई मात्र हुनेछ ।

(३) प्रत्येक सदस्यले नियमित बचत प्रत्येक महिनाको अन्तिम शनिवार सम्म नियमित रुपमा संस्थामा जम्मा गर्नु पर्नेछ । तोकिएको समयमा बचत जम्मा नगरेमा संञ्चालक समितिले समय समयमा निर्धारण गरेअनुसार विलम्ब शुल्क लाग्ने छ । बचतकर्ता सदस्यलाई संस्थाले पासबुक उपलब्ध गराउनेछ ।

(४) प्रत्येक सदस्यले बचत गरेको रकममा निम्नअनुसारको ब्याजदर उपलब्ध गराईनेछ :-

क) अपाङग बचतमा ९%

ख) गर्ववती बचतमा १२%

ग) बाल बचतमा १३% (तीन वर्ष अवधि)

घ) आवधिक बचत

१) मासिक बचत ९%

२) ६ महिने बचत १०%

३) १२ महिने बचत ११%

४) २४ महिने बचत १२%

५)३६ महिने बचत १३%

ङ) क्रमिक लखपति बचत

१)मासिक रु ६५० !– मा ६० किस्ता पश्चात एकमुस्ट भुक्तानी रु ५०,००० !–
२)मासिक रु १२५० !– मा ६० किस्ता पश्चात एकमुस्ट भुक्तानी रु १,००,००० !–
३)मासिक रु २५०० !– मा ६० किस्ता पश्चात एकमुस्ट भुक्तानी रु २,००,००० !–
४)मासिक रु ३७५० !– मा ६० किस्ता पश्चात एकमुस्ट भुक्तानी रु ३,००,००० !–
५)मासिक रु ५००० !– मा ६० किस्ता पश्चात एकमुस्ट भुक्तानी रु ४,००,००० !–
६)मासिक रु ६२५० !– मा ६० किस्ता पश्चात एकमुस्ट भुक्तानी रु ५,००,००० !–
७)मासिक रु ७५०० !– मा ६० किस्ता पश्चात एकमुस्ट भुक्तानी रु ६,००,००० !–

(५) प्रत्येक सदस्यको व्यक्तिगत खातामा न्यूनतम रु १०००।- मौज्दात रकम राखी त्यसभन्दा बढी रकम सदस्यले चाहेको बखतमा झिक्न सक्ने छ ।

(६) सदस्यबाट बचत संकलन गर्दा निजको चुक्ता शेयरपुंजीको १० गुणाभन्दा बढी नहुने गरी शेयर र पुंजीको अनुपात बनाइनेछ ।

(७) पूंजिको १०% तरलता कायम राखिने छ ।

(८) नियमित बचत र आवधिक बचतको ब्याज दर समय समयमा संचालक समितिको सिफारिसमा साधारण सभाले निर्धारण गरेबमोजिम हुनेछ । बजार भाऊ अनुसार ब्याज दरमा तत्काल समायोजन गर्नु परेमा साधारण सभाबाट अनुमोदन गराउने गरी संचालक समितिले निर्णय गरी ब्याज दरमा परिवर्तन गर्न सक्नेछ ।

(९) संस्थाको सदस्यले खोलेको खाता सो व्यक्ति शेयर सदस्यबाट हटेपछि निजको बाँकी रकम फिर्ता गरे पछि बन्दहुनेछ । यसरी खाता बन्द गर्दा रु ५०।- शुल्क कट्टी गरि बाँकी बचत फिर्ता गरिनेछ ।

परिच्छेद –३
ऋण दिने प्रक्रिया

(१) संस्थाबाट ऋण माग गर्ने सदस्यले देहाय बमोजिमका प्रकृया पूरा गरेको हुनुपर्नेछ ।
  (क) आवेदन साथ निवेदन दस्तुर रु.५०।-दाखिला गर्नुपर्ने छ ।
  (ख) संस्थाको शेयर सदस्य हुनुपर्ने छ ।
  (ग) संस्थामा नियमित बचत गरेको तीन महिना पूरा गरेको हुनुपर्ने छ ।
  (घ) संस्थालाई तिर्नुपर्ने बाकी बक्यौता हुनु हुदैन ।
  (ङ) ऋणको साँवा ब्याज रकम सजिलै थाम्न पुग्ने गरी धरौटीको व्यवस्था गरेको हुनुपर्छ । सामान्यतया ऋण रकमको दोब्बर मूल्य बराबरको आफ्नै नामको वा एकासगोलको घर जग्गा धितो राखी मात्र ऋण लगानी गरिनेछ ।

(च) रु १ लाख सम्मको छोटो अवधिको ऋणको लागि सदस्यले आफ्नो बचत निक्षेपको ८०% प्रतिशत वा अन्य कुनै एक वा एकभन्दा बढी सदस्यहरुको बचत खातामा रहेको रकम रोक्का राख्ने गरी धन जमानीमा ऋण लगानी गर्न सकिनेछ ।

(२) सम्पूर्ण प्रकृया पुरा भएपछि ऋणीको व्यवसाय संचालन हुने स्थानको स्थलगत निरीक्षण संस्थाबाट गरिनेछ र सोको प्रतिवेदन प्राप्त भएपछि ऋण प्रवाह हुनेछ ।

(३) निरीक्षण प्रतिवेदन सकारात्मक भएमा ऋण स्वीकृति भएपछि ऋण लिने व्यक्ति संस्थाको कार्यालयमा उपस्थित भई निर्धारित ढांचाको तमसुकमा दस्तखत गर्नुपर्नेछ । जमानतमा बस्ने व्यक्तिहरुले संस्थामा उपस्थित भई ऋण दिने अधिकारी समक्ष तोकेको कागजातमा हस्ताक्षर गरेको हुनुपर्दछ ।

(४) ऋण दिन निर्णय गर्ने अधिकार विनियममा व्यवस्था भएअनुसार ऋण उपसमितिको निर्णय सहितको शिफारिसमा संचालक समितिलाई हुनेछ ।

(५) सहकारी संस्थाले आफ्ना सदस्यहरुलाई मात्र ऋण लगानी गर्न सक्ने छ र सदस्यहरुलाई ऋण लगानी गर्दा संस्थाको प्राथमिक पुंजीको प्रथम पटकको लागि बढीमा १० प्रतिशत र दोश्रो पटकको लागि बढीमा २० प्रतिशतमा नघाई ऋण लगानी गर्नेछ । सदस्यले लिएको ऋणको साँवा र व्याज पूरै भुक्तानी नगरे सम्म निजलाई पुनः ऋण लगानी गर्न पाइने छैन र निजको संस्थामा रहेको शेयर लगानी तथा खाता रोक्का राखिनेछ ।

(६) संस्थाले औचित्यताको आधारमा समुह जमानीमा ऋण लगानी गर्न बाधा परेको मानिने छैन ।

(७) संस्थाले सामान्यतया संचालक समितिका ४९ प्रतिशतभन्दा बढी सदस्यहरुलाई एकै अवधिमा ऋण लगानी गर्न पाउने छैन ।

(८) संस्थाले ऋण लगानी गर्दा सबै प्रकारका ऋण लगानीमा कूल परियोजना लागतको बढीमा ८० प्रतिशत अंश संस्थाबाट र घटीमा २० प्रतिशत अंश स्व-पुंजी (उद्यमी स्वयंको पुँजी) बाट व्यहोर्ने गरी ऋण लगानी गर्नेछ ।

(९) संस्थाबाट प्रदान गरिएको ऋणलाई तपसिल बमोजिम तीन वर्गमा विभाजन गरी ऋण नोक्सानी कोषको व्यवस्था गरिने छ ।

क.सं.	ऋणको वर्गीकरण	भाखा नाघेको अवधि	ऋण नोक्सानी कोषको व्यवस्था
१.	असल ऋण	भाखा ननाघेको	१ प्रतिशत
२.	शंकास्पद ऋण	१ वर्ष सम्म भाखा नाघेको	३५ प्रतिशत
३.	खराब ऋण	१ वर्ष भन्दा बढी भाखा नाघेको	१०० प्रतिशत

(१०) संस्थाले बुँदा ९ मा उल्लेख भए बमोजिमको ऋणको बर्गीकरण र ऋण नोक्सानी कोषको व्यवस्था गरी प्रत्येक वर्ष श्रावण महिना भित्र सहकारी कार्यालयमा विवरण पेश गर्नु पर्ने व्यवस्था गर्नेछ ।

(११) संस्थाका संचालक समिति, लेखा समिति तथा ऋण उप-समितिका पदाधिकारीहरु र कर्मचारीहरुले लिएको ऋणको विवरण माघ र श्रावण महिनामा संस्थाले सुकीदह गाउँपालिकाको कार्यालयमा पेश गर्नेछ ।

(१२) संस्थाले आफ्ना सदस्यको शेयर प्रमाणपत्र वा अन्य कुनै सहकारी संस्थाका सदस्यको शेयर प्रमाण पत्र धितो जमानी राखी ऋण लगानी गर्ने छैन ।

(१३) संस्था दर्ता हुँदाका बखत रहेका सदस्य बाहेक अन्य व्यक्तिको हकमा सदस्यको रुपमा तीन महिना सम्म संस्थामा नियमित बचत गरेपछि मात्र ऋण लगानी गर्न सकिनेछ ।

(१४) संस्थाले सदस्यहरुलाई ऋण लगानी गर्दा सेवा शुल्क लिने छैन ।

(१५) संस्थाले आफ्ना सदस्यलाई ऋण प्रवाह गर्दा निम्न लिखित मध्ये कुनै एक प्रयोजनका लागि दिनेछ ।

(क) उद्योग वा ब्यापार व्यवसायका लागि ।
(ख) आकस्मिक आवश्यकता पूर्तिका लागि ।
(ग) घर जग्गा खरीद वा भवन निर्माण/मर्मतका लागि ।
(घ) व्यवसाय विस्तारका लागि ।
(ङ) सवारी साधन खरीदका लागि ।
(च) शिक्षा आर्जनका लागि ।
(छ) वैदेशिक रोजगारका लागि ।
(ज) आय आर्जनका कुनै कामका लागि ।
(झ) कृषि कार्यका लागि ।
(ञ) सीप विकाश तथा स्वरोजगारका लागि ।
(ट) स्वास्थ्य उपचारका लागि ।

परिच्छेद –४

बचत तथा ऋणमा ब्याजदर

१) सदस्यहरुको आवश्यकता अनुसार ऋण लाई निम्न अनुसार ब्याज दिने गरी विभाजन गरिएको छ ।

क) स्वास्थ्य उपचार ऋण १५% हुनेछ ।
ख) सुत्केरी शिशु स्याहार ऋण १५% हुनेछ ।
ग) शिक्षा ऋण १६% हुनेछ ।
घ) कृषि ऋण १५% हुनेछ ।
ङ) साना उद्योग तथा उत्पादनमुलक ऋण १७% हुनेछ ।
च) सिप विकास तथा स्वरोजगार ऋण १७% हुनेछ ।
छ) व्यवसायिक ऋण १८% हुनेछ ।

ज) घरायसी ऋण १८% हुनेछ ।
झ) वैदेशिक रोजगार ऋण १८% हुनेछ ।
ञ) आकस्मिक आवश्यकता पूर्ति ऋण १८% हुनेछ ।
ट) घर जग्गा खरीद वा भवन निर्माण/मर्मत ऋण १८% हुनेछ ।
ठ) सवारी साधन खरीदका ऋण १८% हुनेछ ।

तर सदस्यको माग भएमा संस्थाको संचालक समिति र ऋण उप समितिको सहमतिमा ऋणका प्रकाहरु थप गर्न सकिनेछ ।

२) नियम १ मा जुनसुकै कुरा लेखिएको भएतापनि बचत तथा ऋणमा लिने ब्याजदर संस्थाले समय समयमा तोकेअनुसार हुनेछ । संस्थाले तोकेको ब्याजदर साधारण सभाबाट अनुमोदन गराई सम्वन्धित निकायलाई जानकारी दिई लागु गरिनेछ । त्यसरी लिने दिने ब्याज दरको फरक बढीमा औसत ६ प्रतिशत हुनेछ ।

परिच्छेद –५
ऋण, साँवा, र ब्याज असुली

(१) ऋण लिने व्यक्तिले आफुले लिएको ऋणको साँवा ब्याज रकम सम्झौताबमोजिम मासिक, चौमासिक, वा अर्धवार्षिक रुपमा किस्तावन्दीमा बुझाउनु पर्नेछ ।

(२) आफुले बुझाउनुपर्ने ऋणको साँवा, ब्याज किस्ता समयमा नबुझाएमा संचालक समितिले समय समयमा निर्धारण गरे अनुरुप बिलम्व शुल्क असुल गरिनेछ ।

(३) भाखा नाघेको ऋण समयमै असुल नहुने देखिएमा नियमानुसार धितो लिलाम गर्ने प्रक्रिया चलाइनेछ ।

(४) तोकिए बमोजिम साँवा ब्याज असुल गर्न समय समयमा पत्राचार र सम्पर्क गर्ने दायित्व संचालक समिति र ऋण उप समितिको हुनेछ ।

परिच्छेद –६
अचल सम्पति धितो सम्वन्धी ब्यवस्था

(१) संस्थाबाट ऋण लिने सदस्यले आफ्नो घर वा जग्गा अथवा घर र जग्गा दुबै धितो राख्नु पर्छ ।

(२) सगोलका अंशियारहरु बीच अंशवण्डा लाग्ने धितो दिएमा अंशियारको मन्जुरीनामा हुनु पर्दछ ।

(३) तेश्रो पक्षको सम्पत्ति र नावालकको नाममा रहेको सम्पत्ति धितोको रुपमा संस्थालाई मान्य हुने छैन ।

(४) ऋणी सदस्यले संस्थालाई दिन मन्जुर गरेको धितोको विवरण प्राप्त भएपछि ऋण उपसमितिले तोकेको जिम्मेवार पदाधिकारीले वा कर्मचारीले धितोको निरीक्षण र मूल्यांकन गरी सोको प्रतिवेदन संस्था समक्ष पेश गर्नु पर्नेछ ।

(५) धितोको मूल्यांकन प्रतिवेदन प्राप्त भएपछि कुल मुल्यांकित रकममा तोके बमोजिमको मार्जिन कट्नेगरी मूल्य कायम हुनेछ ।

(६) संस्थाको धितो निम्न अनुसार सुरक्षित भएको हुनुपर्दछ ।
(क) संभव भए सम्म संस्थाको कार्यक्षेत्र भित्रको ।
(ख) आवादी भएको ।
(ग) बाटोको निकास भएको ।
(घ) मुद्दा मामिला नभएको वा अंशियार, संधियार र कमाउने बीच झैझगडा नभएको ।
(ङ) पहिले कतै धितोमा रही हाल हरहिसाब फरफारख बाँकी नदेखिएको ।

परिच्छेद –७
बाँकि ऋण असुलि सम्वन्धी ब्यावस्था

(१) लिलाम बिक्री गर्ने विधि : प्रचलित कानून, सहकारी ऐन, २०७४ बमोजिम हुनेछ ।

(२) लिलाम बिक्री स्थगित गर्न सक्ने– प्रचलित सहकारी ऐन र नियमावली अनुसार हुनेछ ।

(३) असुलउपर हुन नसकेको रकम अन्य जायजेथाबाट असुलउपर गर्ने कार्यविधि सहकारी ऐन २०७४ र नियमावली, ... अनुसार हुनेछ ।

(४) लिलाम बिक्रि नभएमा जायजेथा संस्थाको स्वामित्वमा रहने विधि सहकारी ऐन र नियमावली बमोजिम हुनेछ ।

(५) खर्च असुलि गर्ने बिधि :- सहकारी ऐन, २०७४ को दफा ७९ बमोजिम हुनेछ ।
(६) मिनाहा विधि :- संस्थाको विनियमको दफा ६१ अनुसार हुनेछ ।

परिच्छेद –८
विविध

(१) ब्यक्तिगत ऋणको सीमा संचालक समितिले समय समयमा तोकेबमोजिम हुनेछ ।

(२) ऋणको अवधि उद्देश्य अनुरुप संचालक समितिको सिफारिशमा साधारण सभाले तोके अनुसार हुनेछ ।

(३) ऋणीको ऋणको व्याज र हर्जाना संचालक समितिको सिफारिशमा साधारण सभाले तोकेबमोजिम हुनेछ ।

(४) बचत तथा ऋण नीति साधारणसभाको दुई तिहाई बहुमतले संशोधन गर्न सक्नेछ ।

(५) प्रस्तावित ऋण रकमको कम्तिमा दोब्बर मूल्य बराबरको जायजेथा धरौटी वा कुनै सदस्यको धन जमानीमा मात्र संस्थाले ऋण लगानी गर्न सक्ने छ । तर संस्थाले औचित्यताको आधारमा समूह जमानीमा ऋण लगानी गर्न बाधा परेको मानिने छैन ।

(६) संस्थाले जेथा धितो राखी ऋण लगानी गर्दा ऋण लिने सदस्यको आफ्नै जेथा धितो नराखी अर्काको जेथाको आधारमा मात्र ऋण लगानी गरिने छैन ।

(७) संस्थाले कुल बचत रकमको कम्तिमा १० प्रतिशत रकम तरलताको रुपमा अनिवार्य रुपमा राख्नेछ । यस प्रयोजनको लागि नगद मौज्दात मुद्दति निक्षेप र सरकारी ऋण पत्रमा गरेको लगानीलाई समेत तरल सम्पत्ति मानिनेछ ।

(८) उपदफा १ बमोजिमको तरलता रकम मध्ये कम्तिमा ५ प्रतिशत नगद आफ्नै ढुकुटी वा नेपाल राष्ट्र बैंकबाट इजाजत प्राप्त बाणिज्य बैंक वा सहकारी बैंकमा अनिवार्य रुपमा राख्नु पर्नेछ ।

(९) तरलताको गणना गर्दा प्रत्येक महिनाको अन्तिम दिनलाई आधार मानिनेछ ।

(१०) संस्थाले तरलता समेत खुलेको कारोबार सम्बन्धी विवरण संस्थाको कार्यालयमा मासिक रुपमा प्रकाशन गर्नेछ ।

(११) तरलता सम्बन्धी विवरण समेतको प्रतिवेदन सम्बन्धित सहकारी कार्यालयमा चौमासिक रुपमा पेश गरिनेछ ।

(१२) संस्थाले बचत निक्षेप संकलन गर्ने र कर्जा प्रवाह गर्ने कार्य आफ्नो सदस्यहरुका बीचमा मात्र सीमित गर्नु पर्ने छ ।

(१३) संस्थाले बचत निक्षेपमा प्रदान गरिने ब्याज दर र ऋण लगानीमा लिने ब्याज दरको निर्धारण प्रचलित बजार दरको आधारमा गरिनेछ । संस्थाद्वारा बजारमा प्रचलित ब्याज दरभन्दा स्वभाविक रुपले बढी ब्याजमा बचत संकलन तथा ऋण लगानीको कारोबार गरिने छैन ।

(१४) प्राकृतिक व्यक्तिसंग नियमानुसार सदस्यता दिएर मात्र बचत र ऋणको कारोबार गरिनेछ ।

(१५) संस्थाले शेयरपुंजीको बढीमा १० गुणासम्म मात्र सदस्यहरुबाट बचत निक्षेप संकलन गर्न सक्नेछ ।

(१६) संस्थाले सार्वजनिक रुपमा विज्ञापन गरी बचत संकलन गर्ने वा ऋण प्रवाह गर्ने छैन ।

(१७) संस्थाले बचत निक्षेप, ऋण लगानी, ब्याज निर्धारण आदि विषयहरुमा आवश्यक शर्त प्रक्रिया तथा कार्य विधिहरु निर्धारण गरी साधारणसभाबाट पारित गराई सम्वन्धित डिभिजन सहकारी

कार्यालयमा पेश गर्नु पर्ने छ । संस्थाले निर्धारण गरेको ब्याज दरको विवरण चौमासिक रुपमा सम्बन्धित डिभिजन सहकारी कार्यालयमा पेश गरिनेछ ।

(१८) संस्थाले ब्याज दर परिवर्तन गरेमा सोको विवरण संस्थाको कार्यालयमा सबैले देख्ने गरी प्रकाशन गर्नु पर्नेछ । सो सम्बन्धी विवरण ७ दिनभित्र सम्बन्धित सुकीदह गाउँपालिका कार्यालयमा पेश गरिनेछ ।

(१९) संस्थाले सदस्यहरु बीच बचत (मुनाफा) बितरण प्रयोजनको लागि नगद पद्धतिमा ब्याज आय लेखा राख्नेछ । नगदमा प्राप्त नभएको ब्याजलाई पाउनु पर्ने ब्याज हिसावमा खर्च लेखी ब्याज मुल्तवी हिसावमा जम्मा गरिनेछ ।

समाप्त

* 000)))))